# उमाकुण्ड गाउँपालिकाको आ.व.०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

**उमाकुण्ड गाउँपालिकाको दशौ गाउँसभामा उपस्थित उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यु, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, सभाका सदस्यज्यूहरु, कर्मचारीहरु, पत्रकार पर्यवेक्षक तथा गाउँबासी दाजुभाई तथा दिदीबहिनीहरु ।**

विश्वभरि महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको दोश्रो लहरको कोभिड -१९ को कारण हाम्रो गाउँपालिकाले पनि संकट व्यहोरिरहेको छ। कोभिड-१९ संक्रमण तिव्र रुपमा फैलदै गएपछि त्यसको रोकथाम तथा नियन्त्रणको लागी गाउँपालिकाले आवश्यक क्रियाकलापहरु संचालन गरिरहेकोनै छ, हाम्रो प्रयत्नको बाबुजुत पनि हाम्रो गाउँपालिकामा १५० भन्द धेरै नागरिकहरुमा कोभिड-१९ संक्रमण पुष्टि भएको छ भने ३ जनाको कोरोना संक्रमणबाट मृत्यु भईसकेको छ । उमाकुण्ड गाउँपालिकाको तर्फबाट संक्रमणबाट मृत्यु हुने नागरिकहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै संक्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि सवै पक्ष एकताबद्ध भई सहयोग गर्नको लागी हार्दिक अनुरोध गर्दै कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणको लागी निरन्तर क्रियाशिल स्वास्थ्यकर्मी सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि,राजनीतिक पार्टीका नेता तथा कार्यकर्ता, सरकारी तथा गैह्रसरकारी संघसंस्थाका प्रतिनिधि र आम जनसमुदायप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोगको आशा राखेको छु ।

उमाकुण्ड गाउँपालिका भौगोलिक हिसावले विशाल र विकट गाउँपालिका हो । यस गाउँपालिकाको समग्र विकासको लागी स्थानीय सरकार मात्र नभएर प्रदेश र संघीय सरकारको समेत विशेष ध्यानाकार्षण हुनुपर्दछ । पहिलो यो गाउँपालिका विकट गाउँपालिका हो भने दोश्रो भौगोलिक हिसावले पनि धेरै ठुलो गाउँपालिका हो, तसर्थ संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकालाई अनुदान हस्तान्तरण गर्दा भौगोलिक विकटता र भुगोलाई समेत सूचकको रुपमा ग्रहण गरि अनुदान हस्तान्तरण गर्नुपर्ने देखिन्छ । आगामी दिनहरुमा त्यस तर्फ गाउँपालिकाले संघ तथा प्रदेश सरकारको ध्यानाकर्षन गर्नेनैछ ।

विशाल भुगोल र भौगोलिक विकटताको बिच पनि स्थानीय तहको निर्वाचन भई चौथो वर्षको कार्यकाल पुरा गर्दै गर्दा उमाकुण्ड गाउँपालिकाको पुर्वाधार विकासले महत्वपुर्ण फड्को मारिसकेको छ । गाउँपालिकाको केन्द्र सम्म सडक कालोपत्रेको सुनिश्चितता भईसकेको छ, भने उमाकुण्ड गाउँपालिकाको मुख्य बजार बाम्तिभण्डार सम्म सडक कालोपत्रे गर्नको लागी आवश्यक प्रक्रिया अगाडी बढिसकेको छ । साथै गाउँपालिकाको केन्द्र सम्म छोटो दुरीबाट जोड्ने मध्यमार्गी सडकको स्तरोन्नति भई नियमित सवारी संचालन हुन सक्ने वातावरण तयार भईसकेको छ । उमाकुण्ड गाउँपालिकाको सवै वडाहरुमा केन्द्रिय विद्युत प्रशारण लाईन विस्तारको सुनिश्चितता भईसक्नुको साथै वडा कार्यालय सम्मको सडकहरु समेत स्तरोन्नति भई नियमित सवारी संचालन गर्न सक्ने वातावरण तयार भईसकेको छ ।पुर्वाधारको क्षेत्रको

विकास संगसंगै गाउँपालिकाले यस आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, खानेपानी, प्रविधिको विस्तार लगाएत अन्य सवै क्षत्रमा समेत महत्वपुर्ण उपलव्धिहरु हाँसिल गरिरहेको छ ।

पुर्वाधार विकासको क्षेत्रमा आसतित सफलता हाँसिल भई सकेपछि आगामी दिनहरुमा पुर्वाधार विकासको क्षेत्रलाई पनि प्राथमिकता दिदै जनताको आर्थिकस्तर अभिवृद्धि गर्ने र जनता संग प्रत्येक्ष सरोकार राख्ने खालको कार्यक्रमहरुलाई मुख्य प्राथमिकता दिंदै योजना तर्जुमाको नीति लिईनेछ । जसबाट उमाकुण्डका नागरिकहरुको आर्थिक जीवनमा सुधार भई समृद्ध नेपाल सुखी नेपालीको अभियानमा टेवा पुग्नेछ ।

उमाकुण्ड गाउँपालिका श्रोत  तथा साधनले भरिपूर्ण भएको गाउँपालिका हो । हाम्रो गाउँपालिकाको समृद्धिको आधार भनेको जलश्रोत, पर्यटन र कृषिनै हुन्। गाउँपालिकामा हाल ६ ओटा भन्दा बढि जलविद्युत आयोजनाहरु संचालनका क्रममा रहेका छन्, तीमध्ये केही आयोजनाहरु सम्पन्न हुने अन्तिम चरणमा पुगेका छन् भने यस गाउँपालिकामा अन्य धेरै जलविद्युत आयोजनाहरु संचालन हुनसक्ने अध्ययनबाट देखिएको हुँदा ती आयोजनाहरु संचालनका लागि लगानी मैत्री वातावरण तयार गरि आयोजना संचालनको उपयुक्त वातावरण निर्माण गर्नुपर्ने हुन्छ । यसरी विद्युत आयोजनाहरुमात्र सम्पन्न हुँदापनि त्यसबाट प्राप्त हुने रोयल्टीबाट हाम्रो गाउँपालिका आत्मनिर्भर हुने निश्चित छ । त्यसबाहेक हाम्रो गाउँपालिकामा पर्याप्त मात्रामा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु पनि रहेका छन् । त्यस्ता धार्मिक तथा पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण गरि पर्यटकीयस्थलका रुपमा विकास गर्ने कामलाई गाउँपालिकाले अगाडि बढाइरहेको छ भने पर्याप्त खाली जग्गा-जमिन रहेको हाम्रो गाउँपालिकामा व्यवसायिक कृषि र पशुपालन व्यवसायको सम्भावना पनि राम्रो छ, तसर्थ कृषि तथा पशुपालन व्यवसायलाई निर्वाहमुखिबाट व्यवसायीकरण नागरिकको जीवनस्तर उकास्नको लागी उमाकुण्ड गाउँपालिकाले आगामी दिनमा कृषि तथा पशुपालन क्षेत्रमा विशेष कार्यक्रम बनाई लागु गर्नेछ ।

आर्थिक वर्ष ०७८/०७९ का वार्षिक नीति तथा कार्यक्रममा गाउँपालिकाका सबै वर्ग, जाति, लिंग, धर्म, क्षेत्रको भावनाहरुलाई उच्च सम्मान गर्दै समेट्ने प्रयास गरिएको छ । नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन गाउँपालिकाको कानून तथा कार्यविधिहरुलाई आधार मान्दै विभिन्न राजनितिक पार्टी, बुद्धिजिवि, नागरिकहरुबाट प्राप्त सुझावहरुलाई समेत समेटेर तयार गरिएको छ । आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्यनमा पनि सवै पक्षको रचनात्मक सहयोगको अपेक्षा राख्दै  आगामी आ.व. ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम विषयगत क्षेत्रको आधारमा यो दशौ गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक विकास क्षेत्र

### १.१ *कृषि*

- परम्परागत खेति प्रणालिलाई निरुत्साहित गर्दै आधुनिक खेती प्रणालिको विकास गर्नको लागी कृषि पेशालाई आधुनिकिकरण,व्यवसायीकरण र यान्त्रीकिकरण गर्ने नीति लिईनेछ ।
- कृषक समूह दर्ता तथा नवीकरण र कृषि तथा पशुपंक्षीको तथ्यांक अध्यावधिक राख्न कार्यलाई निरन्तरता दिईनेछ ।
- स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने खाद्यान्न, तरकारी तथा फलफुल बालीको व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- उमाकुण्ड बासीलाई ताजा र आर्ग्यानिक तरकारीमा आत्मनिर्भर बनाउनकालागि"एक घर एक टनेल" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषि व्यवसायलाई व्यवसायीकरण गदै कृषकलाई निर्वाहामुखिबाट व्यवसायिक बनाउनको लागी प्रोत्साहन गर्न "कृषक गाउँपालिका साझेदारी" कार्यक्रम संचालन गरि कृषकहरुको समेत लागत साझेदारीमा अनुदानको व्यवस्था मिलाईनेछ ।
- माटो परीक्षण कार्यक्रम तथा कृषक, कृषि कम्पनी, कृषक समूह, कृषि सहकारीहरुलाई क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषकहरुको लागत घटाउनका लागि कृषकहरुको लागत साझेदारीमा कृषि यन्त्र तथा उपकरणहरु वितरण गर्ने, बीउ बिजनमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्थानीय जातका आलुको बीउलाई सुधार गर्नका लागि स्थानीय बीउ आलु सुधार कार्यक्रम संचालन गर्ने कृषक, कृषक समुह, सहकारी, फार्मलाई अनुदानको व्यवस्था मिलाईनेछ ।
- उमाकुण्ड हरियाली अभियानको शुरुवात गरि आगामी ५ वर्ष भित्र उमाकुण्ड गाउँपालिकाको सवै क्षेत्रको बाँझो जमिनमा भुगोल सुहाउँदो फलफुल र अन्य खेतीवाली लगाउन कृषकलाई प्रोत्साहित गर्न अनुदानको व्यवस्था गरि उमाकुण्ड गाउँपालिकालाई हरियाली गाउँपालिकाको रुपमा विकास गरिनेछ।

## १.२ पशुपालन

- पशुपालन व्यवसायलाई निर्वाहमुखिबाट व्यवसायिकरण गर्नको लागी उमाकुण्ड गाउँपालिकाको सवै वडाहरुमा पशुपालन गर्ने कृषकहरुलाई कृषक गाउँपालिका साझेदारी कार्यक्रम अन्तरगत अनुदानको व्यवस्था मिलाईनेछ ।
- लोपोन्मुख चौरीपालन व्यवसायलाई प्रवर्दन गरि पशुपालक कृषकहरुको आयआर्जन बृद्धि गर्नको साथै चौरी पालन व्यवसाय मार्फत पर्यटन प्रवर्दनको कार्यलाई समेत अगाडी बढाईनेछ ।
- उमाकुण्ड गाउँपालिकाको लिखु नदि छेउछाउमा माछापालन व्यवसाय संचालन गरि माछामा आत्मनिर्भर बनाउने र कृषकको आयआर्जन बृद्धि गर्नके लागी माछा मिसन कार्यक्रम संचालन गरिनेछ ।

- पशुपालन व्यवसायको प्रबर्द्धन गर्नको लागी भुई तथा डाले घाँस प्रबर्द्धनमा प्राथमिकता दिईने छ । त्यसको निम्ती भुई तथा डाले घाँस श्रोत केन्द्र नर्सरी स्थापना गर्ने निती लिईने छ ।
- उमाकुण्ड गाउँपालिकाको प्रत्येक वडामा पशु सेवा केन्द्रको स्थापना गर्नको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।
- आधुनिक प्रविधि प्रयोग गरि पशुपालन व्यवसाय प्रबर्द्धन गर्नका लागी प्रत्येक वडामा जनचेतना मुलक तालिम गोष्ठी संचालनको लागी आवश्यक व्यबस्था मिलाईने छ ।
- पशुपंक्षी हानी नोक्सानीबाट निरुत्साहित हुन नदिनको लागी पशु बिमा कार्यक्रमको लागी प्रभावकारी व्यवस्था मिलाईने छ ।
- मासु अण्डा र पर्यटन प्रवर्दनमा समेत आधारित बट्टाई, टर्की, कालिज पालन व्यवसायको विकासको लागी उचित व्यवस्था मिलाईनेछ ।
- परम्परागत पशुपालन व्यवसायलाई परिमार्जित गरि आधुनिक प्रविधिको प्रयोग गर्ने र उन्नत जातको पशुपंक्षी पालनको लागी कृषकहरुलाई अनुदानको व्यवस्था मिलाईनेछ ।

### १.३ पर्यटन विकास

- प्राकृतिक रमणीय स्थलहरु, धार्मिक स्थलहरुले भरिपुर्ण हाम्रो गाउँपालिकाको समृद्धिको प्रमुख आधारहरुमध्ये पर्यटन क्षेत्र पनि एक हो । पर्यटन प्रवर्द्धनका लागि उमाकुण्ड गाउँपालिकाले दीर्घकालीन योजना निर्माण गरी अगाडि बढिरहेकोमा आर्थिक वर्ष ०७८/०७९ मा पनि पर्यटकीय पुर्वाधार निर्माणको कामलाई निरन्तरता दिइनेछ ।
- उमाकुण्ड गाउँपालिकामा रहेको धार्मिक तथा पर्यटकीय स्थलहरु उमातिर्थ चण्डिस्थान नाजिङ फाक्सिङ पार्क लगाएत अन्य स्थलहरुको विकासमा विशेष जोड दिईनेछ । साथै उमाकुण्ड गाउँपालिकाको प्रत्येक वडामा १/१ ओटा पर्यटकिय संरचना निर्माण गर्ने नीति लिईनेछ ।
- पहिचान भैसकेका पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकासमा जोड दिनको साथै पहिचान हुन नसकेका धार्मिक तथा पर्यटकीयगन्तव्यहरुको पहिचान गरि त्यसको विकासमा विशेष जोड दिइनेछ
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनकालागि प्याराग्लाइडिङको परीक्षण उडान गर्नको साथै परीक्षण भैसकेका स्थानहरुमा त्यसको विकासमा जोड दिइनेछ ।
- प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल ताँमे डाँडामा पर्यटकीय पूर्वाधार निर्माणको कामलाई निरन्तरता र तिव्रता दिईनेछ ।

### १.४ उद्योग

- गाउँपालिकामा घरेलु तथा साना उद्योग विकास र विस्तारको लागी उद्यमी निर्माण गर्ने, उद्यमीहरुको क्षमता विकास गर्ने र प्रविधि हस्तान्तरणको कामलाई विशेष जोड दिईनेछ ।
- उद्यम गरिरहेको र उद्यम गर्न चाहाने नागरिकहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था मिलाउनको साथै उत्पादित वस्तुहरुको विक्रि र बजारीकरणको लागी आवश्यक सहयोगको नीति लिईनेछ ।

## २ सामाजिक विकास क्षेत्र

### २.१. शिक्षा

- गाउँपालिकाले आधारभूत तहमा विद्यार्थी भर्नादरलाई शतप्रतिशत पुऱ्याई अनिवार्य र नि:शुल्क शिक्षा सुनिश्चित गरिने लक्ष्य लिइनेछ ।
- आ.व. २०७६।०७७ को बजेट मार्फत गाउँपालिका भित्रका सातै वटा माध्यमिक विद्यालयमा कम्प्युटर शिक्षक व्यवस्थापन गरी विद्यार्थीहरुलाई कम्तिमा कम्प्युटर शिक्षामा साक्षर बनाउने गाउँपलिकाको अभियानलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थी संख्या अनुसार दरबन्दी कम भएको विद्यालयमा गाउँपालिकाले आ.व. २०७६।०७७ मा मा.वि. तहमा ७ जना, आधारभूत तह (६-८) मा ४ जना र आधारभूत तह (१-५) मा ९ जना शिक्षक र आ.व. २०७७।०७८ मा मा.वि. तहमा १ जना, आधारभूत तह (६-८) मा २ जना र आधारभूत तह (१-५) मा ९ जना शिक्षकको लागि शिक्षण सिकाई अनुदानको व्यवस्थापन गरिएको छ । गाउँपालिकाले सबै माध्यमिक विद्यालय र आधारभूत विद्यालय (६-८) मा गणित, विज्ञान र अंग्रेजी विषयको विषयगत शिक्षकको व्यवस्थापन गरिएको छ । साथै सो शिक्षण सिकाई अनुदानलाई विद्यालयको विद्यार्थी संख्या र दरबन्दीलाई माध्यनजर गरी आवश्यकताको आधारमा थप गरिनेछ ।
- गाउँपालिकाले शिक्षण सिकाई अनुदान बापत विद्यालयलाई उपलब्ध गराईएको अनुदान कोटामा कार्यरत् माध्यमिक तहका ८ जना, आधारभूत तह (६-८) मा कार्यरत् ६ जना, आधारभूत तह (१-५) मा कार्यरत् १८ जना शिक्षक तथा गाउँपालिकाले स्थापना गरेको बालविकास केन्द्रमा कार्यरत् १० जना बाल विकास सहजकर्ताहरुको तलबभत्तामा समयानुकुल वृद्धि गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत् बालबालिकाको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी स्वास्थ्य संस्था र स्वास्थ्य क्षेत्रमा कार्यरत् संघ संस्थासँग सहकार्य गरी वर्षमा २ पटकबालबालिकाको स्वास्थ्य परीक्षण गर्ने कार्यलाईनिरन्तरता दिइनेछ । यस कार्यको लागि विद्यालय नर्सलाई पनि जिम्मेवार बनाइनेछ ।
- गाउँपालिकाको ४६ वटा विद्यालय मध्ये १९ वटा विद्यालयमा बालविकास केन्द्र नरहेको हुदाँ आ.व २०७६।७७ र २०७७।७८ मा गरी १० वटा विद्यालयमा बाल

विकास केन्द्रको स्थापना गरी जनशक्तिको व्यवस्थापन गरिएको छ । बाँकी थप ९ वाट विद्यालयमा पनि आवश्यकताको आधारमा निरन्तरता दिइनेछ । साथैबालविकास कक्षाकोठाकोसजावट आकर्षक र मनोरञ्जनत्मक बनाउन गाउँपालिकाले विद्यालयको आवश्कता अनुसार बजेटको व्यवस्थापन गरिनेछ ।

- सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी गाउँपालिकाले स्थापना गरेको स्वास्थ्य उपचार कोषमा कार्यविधि अनुसार छुटाउनु पर्ने रकमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकामा रहेको ४६ वटा विद्यालय मध्ये ३८ वटा विद्यालयमा स्वच्छ खानेपानी, शौचालय तथा फर्निचारको राम्रो व्यवस्थापन गरिएको छ । बाँकी रहेको ८ वटा विद्यालयमा पनि आ.व. २०७८।७९ को बजेटबाट व्यवस्थापन गरिनेछ । साथै विद्यालयलाई घेराबार गरी सुरक्षित विद्यालय बनाउने कार्यलाई पनि निरन्तरता दिईनेछ ।
- गाउँपालिकाले अति विपन्न, अपाङ्ग, असक्त र असहाय, दलित तथा सिमान्तकृत सामुदायका बालबालिकाको शैक्षिक अवसरबृद्धि गर्न प्रत्येक वडामा माध्यमिक तहमा अध्ययनरत् २ जनाका दरले १४ जना, आधारभूत तह (६-८) मा अध्ययनरत् ६ जनाका दरले २८ जना, आधारभूत तह (१-५) मा अध्ययनरत् ८ जनाको दरले ५६ जना र उच्च शिक्षा हासिल गर्न आर्थिक अवस्था कमजोर भएको प्रत्येका वडाका १ जनाका दरले ७ जना विद्यार्थीलाई गरी कुल १०५ जना बालबालिकालाई छात्रवृत्रि प्रदान गरिएको छ । सो छात्रवृत्ति कार्यक्रमलाई आ.व. २०७८।७९ मा पनि निरन्तरता दिइनेछ ।
- प्रधानाध्यापकलाई विद्यालयको समग्र शिक्षण सिकाइ सुधार तथा व्यवस्थापनको लागि जिम्मेवार बनाई प्रोत्साहनमूलक भत्ताको व्यवस्था गरिनेछ ।
- शिक्षालाई व्यवसायिक र रोजगारमूलक तथा विद्यार्थीलाई उद्यमशील बनाउन गाउँपालिका भित्र रहेका प्रत्येक माध्यमिक विद्यालयमा एक मा.वि. एक शैक्षिक उद्यमशीलता कार्यक्रमलाई क्रमिका रुपमा संचालन गरिनेछ ।
- गाउँपालिकाले माध्यमिक विद्यालयमा स्काउट कार्यक्रम संचालन गर्ने नीति अनुसार आ.व. २०७६।०७७ मा ३ वटा मा.वि.मा स्काउट कार्यक्रम संचालन गरिएको छ र बाँकी ४ वटा मा.वि.मा पनि आ.व. २०७७।०७८ मा स्काउट कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिसकेको छ । आ.व. २०७६।०७७ मा स्काउट कार्यक्रम संचालन भएको ३ वटा मा.वि. लाई स्काउट कार्यक्रमलाई थप गतिशिल र प्रभावकारी बनाउन व्यवस्थापन खर्च उपलब्ध गराइनेछ । साथै बजेट विनियोजन भई स्काउट कार्यक्रम संचालन हुन बाँकी रहेका ४ वटा मा.वि. लाई पनि कार्यक्रम संचालन भएपछि व्यवस्थापन खर्च दिइनेछ ।

उमाकुण्ड गाउँपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

- गाउँपालिका भित्रको सामुदायिक विद्यलायमा कार्यरत् महिला शिक्षक, कर्मचारी तथा बालविकास केन्दको सहजकर्ता सुत्केरी हुदाँ ९८ दिन विदामा बस्ने कानुनी प्रावधान अनुसार लामो समय विदामा बस्नुपर्दा विद्यार्थीको पठनपाठनमा असर पर्ने समस्यालाई समाधान गर्न गाउँपालिकाले वैकल्पिक जनशक्तिको व्यवस्थापन गरिनेछ । साथै सुत्केरी भएको महिला शिक्षक, कर्मचारी र बालविकास सहजकर्तालाई सुत्केरी भत्ता बापत दश हजार उपलब्ध गराइनेछ ।
- उमाकुण्ड गाउँपालिका भित्रका ३ वटा माध्यमिक विद्यालयहरु श्री सरस्वती मा.वि, श्री कास्थेम मा.वि. र श्री कैलेश्वर मा.वि.मा अध्ययनरत् विद्यार्थीहरुको लागि एसईइ परीक्षा दिन पायक पर्ने गरी श्री चण्डेश्वरी माविमा उमाकुण्ड ४, प्रितीमा शैक्षिक सत्र २०७७ देखि एसईई परिक्षा केन्द्र कायम गरिएको छ । यसबाट विद्यार्थीहरुलाई परीक्षा दिन टाढा जानु पर्ने बाध्यत हटेको छ ।
- गाउँपालिका भित्रका सात वटा मा.वि मध्ये ३ वटा मा.वि.मा विद्यालय नर्सको व्यवस्थापन भईसकेको र बाँकी ४ वटा मा.वि. पनि विद्यालय नर्सको व्यवस्थापनको लागि माथिल्लो निकाय सँग आवश्यक पहल र समन्वय गरिनेछ। विद्यालय नर्स व्यवस्थापन भईसकेको विद्यालयमा व्यवस्थित उपचार कक्षाको व्यवस्थापन गरिनेछ ।
- विद्यालय तहमा कार्यरत् शिक्षक तथा कर्मचारीहरुको पेसागत आचारसंहिता तयार गरी लागू गरिनेछ र सो अनुसार भए नभएको कडाईका साथ अनुगमन, निरीक्षण र सुपेरिवेक्षणको व्यवस्थामिलाईनेछ ।
- विद्याललय तहमा परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाको आधारमा शिक्षण सिकाई सूधार योजना तयार गरी कार्यान्वयन ल्याउने कार्यलाई व्यवस्थित गरिनेछ ।
- भौतिक पूर्वाधर तर्फ श्री महालंगुर मा.वि. उमाकुण्ड १, गुम्देलको १२ कोठे भवनको निर्माण कार्य सम्पनन भई प्रयोगमा आएको छ, श्री जनता मा.वि. उमाकुण्ड ३, कुभुको १२ कोठे भवन निर्माणधिन रहेको छ, श्री चण्डेश्वरी मा.वि उमाकुण्ड ४, प्रितीको लागि १८ कोठे भवनको टेण्डर आव्हान भई निर्माण चरणमा रहेको छ । साथै निर्माण कार्य सम्पन्न भईसकेको भवन मध्ये ६ कोठे भवन २ वटा, ४ कोठे भवन १२ वटा, ३ कोठे भवन २ वटा, २ कोठे भवन १२ वटा र बाल मैत्री शौचालय १६ वटा निर्माण भएको छ । विद्यार्थी संख्या अनुसार कक्षाकोठा र भवन कम भएको विद्यालयलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहकार्य र समन्वयमा व्यवस्थापन गरिनेछ ।

उमाकुण्ड गाउँपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

➢ आधारभूत तह (६-८) र (१-५) चालेको ३९ विद्यालय मध्ये २१ वटा विद्यालयमा गाउँपालिकाले विभिन्न आ.व.को बजेटबाट कम्प्युटर र प्रिटर खरिद गर्न रकम उपलब्ध गराइसकेको छ र बाँकी रहेको १८ वटा विद्यालय मध्ये आ.व. २०७८।७९ को बजेटबाट विद्युतको पहँचु पुगेका ४ वटा विद्यालयलाईकम्प्युटर र प्रिटर खरिद गर्न रकम उपलब्ध गराईनेछ । बाँकी विद्यालयमा पनि आगामी बजेटबाट प्राथमिकताको आधारमा निरन्तर दिइनेछ ।

➢ माध्यमिक विद्यालयमा ICT ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको छ । अब यस कार्यलाई विद्यार्थी संख्याको आधारमा आधारभूत विद्यालय (६-८) मा पनि व्यवस्थापन गरिनेछ।

➢ श्री कैलाशपति आधारभूत विद्यालय उमाकुण्ड ७, सुईतेमा कक्षा ३ सम्म मात्र संचालन भएको हुदाँ त्यहाँ अध्ययनरत् विद्यार्थीले कक्षा ३ उर्तीण गरेपछि कक्षा ४ अध्ययन् गर्न श्री कैलेश्वर मा.वि गुप्तेश्वर वा श्री कास्थेम मा.वि. भुजी जानुपर्दा विद्यार्थीलाई करिब ३ घण्टा भन्दी बढी हिड्नु पर्ने भएकोले सो विद्यालयलाई कक्षा ४ अपग्रेड गरी शिक्षण सिकाई अनुदानको व्यवस्थापन गरिनेछ ।

➢ गाउँपालिका भित्रको सबै माध्यमिक विद्यालयमा उच्च गतिको इन्टरनेट पहुँचको विस्तर गरिसकेको छ । आगमी आ.व. २०७८।०७९ को बजेटमा आवश्यकता र विद्युतको पहुँच वा वैकल्पिक उर्जा शक्ति पुगेको विद्यालयको पहिचान गरी इन्टरनेटकोविस्तार गरिनेछ ।

➢ उमाकुण्ड गाउँपालिका स्तरीय परीक्षा समितिको कार्यालयलाई आवश्यक फर्निचर व्यवस्थापनको लागि बजेटको व्यवस्था गरिनेछ ।

➢ विद्यालय संचालनका क्रममा आइपरेको समस्या र गरेका राम्रा पक्षहरुका बारेमा एक आपसमा आदनप्रदान गर्न तथा वडा भित्रको विद्यालयको सिकाई सुधार र शैक्षिक योजना, नीति तथा कार्यक्रम निर्माण गर्न प्रत्येक महिनाको अन्तिमा शुक्रबार वडास्तरीय प्रधानाध्यापकहरुको मासिक बैठक बसी सो मासिक प्रतिवेदन गाउँपालिकामा पेश गर्ने व्यवस्था मिलाइने छ । सो कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरी अगुवा मा.वि.का प्र.अ.लाइ जिम्मेवार बनाइनेछ ।

➢ नमूना विद्यालयका लागि आवश्यक मापदण्ड र पूर्वाधार पुगेको माध्यमिक विद्यालयलाई नमूना विद्यालय निर्माण गर्न संघिय सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ ।

➢ गाउँपालिकाले आ.व. २०७८।०७९ मा नेपाल सरकारको नीति र कार्यक्रम अनुरुप बालविकास सहजकर्ता र विद्यालयका कर्मचारीहरुको न्यूनतम पारिश्रामिक सुनिश्चित गरिनेछ ।

- सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्तालाई घरैबाट शैक्षिक सामग्री निर्माण गरी विद्यालय लैजान, पाठ्यक्रम र शिक्षक निर्देशिका बोक्नका लागि "एक शिक्षक एक झोला" कार्यक्रम लागु गरिएको छ । साथै विद्यालयमा कार्यरत् सम्पूर्ण शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्तालाई परिचय पत्रको व्यस्था गरिनेछ ।
- आधारभुत तह कक्षा १-५ संचालनमा रहेका शिक्षक संख्या कम भएका विद्यालयमा कक्षा १-३ सम्म बहुकक्षा शिक्षणसंचालन गर्न आ.व. २०७८।०७९ मा २ वटा आधारभूत विद्यालयका लागि बजेट विनियोजन गरिनेछ ।
- एक माध्यमिक विद्यालय एक बगैंचा तथा बृहत हरित क्षेत्र निर्माण गर्न सक्रियताका साथ स्काउट र बाल क्लबलाई संलग्नता गराइनेछ ।
- विद्यालयमा कार्यरत् शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको तबल भत्ता चौमासिक रुपमा निकासा हुदाँ आएकोमा गाउँपालिकाले आ.व. २०७६।०७७ को साउन देखि द्धिमासिक रुपमा सम्बन्धित शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताको व्यक्तिगत खातामा तलब भत्ता निकासा हुने व्यस्था मिलाइएको छ ।
- विद्यालय शिक्षालाई प्रभावकारी रुपले संचालन गर्न र अभिभावकलाई आफ्नो बालबालिकाको शिक्षा प्रति उत्तरदायि बनाउन अभिभावक शिक्षा कार्यक्रम लागू गरिनेछ।
- शिक्षकहरुलाई पेशाप्रति समर्पित, कर्तव्यनिष्ठ र लगनशिल बनाउन प्रोत्साहन मुलक भत्ताको व्यवस्था गर्ने निति लिइनेछ।

## २.२.युवा तथा खेलकुद

- गाउँपालिका भित्रको युवालाई स्वरोजगार बनाई जिविकोपार्जमा सहयोग पुऱ्याउन र रोजगारका अवसर सिर्जना गर्न गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरी सीप विकास तालिम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको क्षमता अभिवृद्धि र पहिचान गर्न विद्यालयस्तरीय, वडास्तरीय र गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रम संचालन गरिनेछ । विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिनेछ ।
- युवाहरुलाई संगठित गर्न युवा क्लाब गठन गरी उनीहरुको नेतृत्व क्षमता विकासका लागि अवसरहरु सिर्जना गरिनेछ ।

- उमाकुण्ड गाउँपालिकाद्धारा आयोजना गरिने राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- माध्यमिक तह र आधारभूत तह (६-८) मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई समेटी विद्यालयस्तरीय र गाउँपालिकास्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सबै युवा क्लबहरुको तथ्याङ्का संकलन गरी सामाजिक क्षेत्रमा क्रियाशिल गराइने नीति लिइनेछ ।
- गाउँपालिकाबासीलाई शरीरिक र मानसिक रुपले स्वस्थ र तन्दुरुस्त राख्न गाउँपालिकामा र प्रत्येक वडामा व्यवस्थित खेलमैदानको निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- युवाहरुलाई खेलकुद कार्यक्रम प्रति जगरुग गराउन यसै आ.व. २०७८।०७९ बाट उमाकुण्ड कप भलिबल खेलकुद प्रतियोगिता कार्यक्रम संचालन गरिनेछ ।

## २.३ *स्वास्थ्य*

- महामारीको रुपमा विश्व भरि फैलि रहेको कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागी उचित प्रवन्ध मिलाई कोभिड संक्रमण पुष्टि भएका विरामीहरुको उपचारको लागी विशेष जोड दिईनेछ ।
- कोभिड १९ नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउनका साथै कोभिड १९ अस्थाई अस्पताललाई थप सुविधा सम्पन्न बनाउने व्यवस्था मिलाईनेछ ।
- सवै नागरिकहरुलाई खोप लगाउने संघीय सरकारको लक्ष्य रहेकोमा उक्त लक्ष्य पुरा गर्नको लागी गाउँपालिकाको तर्फबाट आवश्यक व्यवस्था मिलाईनेछ ।
- उमाकुण्ड गाउँपालिका वडा नं २ बाम्तिमा १० सैयाको आधारभूत अस्पतालको संरचना निर्माणको काम शुरुवात भईसकेकोमा संरचना निर्माणको कामलाई समय सिमा भित्र सम्पन्न गर्न र सो अस्पतालमा तत्काल आवश्यक जनशक्तिको व्यवस्थापन गरि जनताको स्वास्थ्य उपचारको उचित प्रवन्ध मिलाउन गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउने छ । साथै जनसंख्या र भौगोलिक अवस्थालाई मध्यनजर गरि उमाकुण्ड गाउँपालिका वडा नं ४ प्रितिमा ५ सैयाँको आधारभूत अस्पताल निर्माण र जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- पूर्णखोपयुक्त गाउँपालिकाको सुनिश्चितताका लागि खोप केन्द्रहरुको स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ । महिला स्वास्थ्य स्वयमसेविका तथा आमासमूहहरुलाई थप क्रियाशील बनाउनका लागि उचित प्रवन्ध र प्रोत्साहनको व्यवस्था मिलाइने छ। साथै महिला स्वास्थ्य स्वयमसेविकाहरुको क्षमता विकासका तालिमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

- उमाकुण्डबासी नागरिकहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी विभिन्न संघसंस्था तथा अस्पतालहरुसँग सहकार्य गरी विशेषज्ञसहितको स्वास्थ्य शिविर संचालन गरिने छ । साथै प्राणघातक एवम गम्भीर प्रकृतिका रोग लागेर उपचार गराइरहेका आर्थिक हिसावले कमजोर तथा विपन्न नागरिकलाई दिँदै आइएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ।
- गाउँपालिकाका गर्भवती तथा सुत्केरी महिलाहरुलाई लक्षित गरि गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम संचालनको प्रवन्ध मिलाईनेछ ।

## २.५. खानेपानी तथा सरसफाई

- उमाकुण्ड गाउँपालिकाको सवैवडाहरुमा रहेको खानेपानी समस्याको विद्यमान अवस्थालाई मध्यनजर उपभोक्ता संगको सहकार्यमा प्रत्येक नागरिकहरुलाई स्वच्छ र सफा खानेपानी पुर्याउनको लागी एक घर एक धारा कार्यक्रम संचालन गरिनेछ, जसबाट आर्थिक वर्ष ०७८/०७९ भित्र खानेपानीको समस्या समाधान भई नागरिकहरुले खानेपानीको समस्याबाट मुक्त भएको महसुस गर्नेछ ।
- खानेपानीको अत्यधिक समस्या रहेको र धेरै लागत लाग्ने क्षेत्रहरुमा संघ तथा प्रदेश सरकारहरुसंगको सहकार्यमा खानेपानी आयोजनाहरु संचालन गरि खानेपानीको समस्या हल गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाको नयाँ तथा पुराना खानेपानी योजनाहरुको मर्मत संभारमा समेत विशेष प्राथमिकता दिईनेछ ।

## २.६ लक्षित समूह

- लैंगिक समानता, महिला सशक्तिकरण, महिलाको समान सहभागिता बृद्धि, बाल विवाहाको अन्त्य गर्ने कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ ।
- घरेलु हिंसा, यौन दुर्व्यवहार, सामाजिक हिंसा पिडित किशोर किशोरी र महिलाहरुको संरक्षण गर्नको लागी आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- महिला, दलित,अपांग, जेष्ठ नागरिक, बालबालिका लक्षित कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाइने छ । ति समुदायको विकासको लागी क्षमता विकास तालिम, व्यवसायिक तालिम र व्यवसाय प्रवर्दनको लागी अनुदानको व्यवस्था मिलाईनेछ ।
- अपांगता भएको व्यक्तिहरुलाई गाउँपालिका तथा वडाहरुबाट हुने सवै किसिमको सिफारिसहरु निशुल्क उपलव्ध गरिनेछ, साथै अपाँगता भएको व्यक्तिहरुको अधिकारको संरक्षण, प्रवर्दन तथा सशक्तिकरणको लागी समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको अनुभव, ज्ञान, सीप को आदन प्रदान गर्नको लागी अन्तरक्रिया कार्यक्रम आयोजना गर्नको साथै जेष्ठ नागरिकहरुको योगदानको कदर गर्दै जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

➢ घर दैलो अभियान तथा घुम्ति शिविर मार्फत जेष्ठ नागरिक परिचयपत्र, अपांगता परिचयपत्र वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ३ पूर्वाधार क्षेत्र

➢ आ.व. ०७८/०७९ भित्र गाउँपालिकाको केन्द्र सम्म सडक कालोपत्रे गर्ने वडा नं २ को बाम्ति सम्म कालोपत्रे गर्ने कार्यको शुरुवात गर्ने कामको लागी बागमती प्रदेश सरकार संग आवश्यक सहयोग र समन्वय गरिनेछ ।

➢ उज्यालो उमाकुण्डको अभियान अन्तर्गत आर्थिक वर्ष ०७७/०७८ मा नै सवै वडाहरुमा केन्द्रिय विद्युत प्रशारण लाइन विस्तार गरिसक्ने लक्ष्य रहेकोमा कोभिड लगाएत अन्य विविध कारणले सो लक्ष्य पुरा हुन सकेको छैन । तसर्थ उक्त अभियान पुर गरि सवै वडाहरुमा केन्द्रिय विद्युत प्रशारण लाईन विस्तारको लागी आवश्यक व्यवस्था मिलाईने छ ।

➢ गाउँपालिकाले गौरवको योजनाको रुपमा विकास गरिरहेको मध्यमार्गी सडकको स्तरबृद्धिमा आ.व. ०७८/०७९ मा पनि विशेष ध्यान पुर्याईनेछ।साथै सवै वडाको केन्द्र सम्मको सडकहरु स्तरोन्नतिको कामलाई पनि प्राथमिकतामा राखिनेछ ।

➢ वडा कार्यालय भवनहरु निर्माण र अति आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माण तथा मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

➢ उमाकुण्ड गाउँपालिकाको समृद्धिको आधारमा रहेको जलश्रोत उपयोगको लागी आवश्यक वातावरण तयार गरिनेछ । यस गाउँपालिकामा संचालनमा रहेको जलविद्युत आयोजनाहरु समयमानै सम्पन्न गर्नको लागी आवश्यक सहयोग र समन्वय गरिनेछ । साथै सम्भावित विद्युत आयोजना संचालनको लागी लगानी मैत्री वातावरण निर्माण गर्नको साथै आवश्यक सहयोग र सहकार्यको नीति लिईनेछ ।

➢ साना सिंचाइ मर्मतसंभार तथा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

➢ उमाकुण्ड गाउँपालिकाको सवै सरकारी कार्यालयहरु, वडा कार्यालयहरु स्वास्थ्य संस्थाहरु र सवै विद्यालयहरुमा फाईवर मार्फत ईन्टरनेटको विस्तार गरिनेछ ।

➢ डिजिटल सिस्टमलाई प्रभावकारी बनाउनकालागि विद्युतीय सुशासनका विधिहरु उपयोग गर्न आवश्यक पूर्वाधारको विकास गर्नका साथै गाउँपालिका, वडा कार्यालयहरु, विद्यालय तथा अन्य कार्यालयहरुको सेवालाई विद्युतीय सुशासन (e-governance) नेटवर्कमा जोड्ने काम भईसकेको छ । त्यसको भरपदो व्यवस्थापन गर्नको लागी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

➢ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत हस्तान्तरण भएको बजेटको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाई गाउँपालिकाबाट संचालन हुने आयोजनाहरुलाई समेत रोजगार मुलक आयोजनाको रुपमा रुपान्तरण गरि सूचिकृत बेरोजगार युवाहरुलाई रोजगार प्रदान गर्ने नीति लिईनेछ ।

## ४ संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्र

- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालिबाट वितरणको शुरुवात भईसकेकोमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले व्यहोरीरहेको झन्झ कम गर्नको लागी आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- गाउँपालिका तथा अन्य सरकारी कार्यालयहरुबाट प्रवाह हुने सार्वजानिक सेवालाई नागरिकमैत्री बनाइने छ । सेवा प्रवाह गर्ने कार्यलयहरुलाई जिम्मेवार बनाइ जनताको काम छिटोछरितो र भरपर्दो हुने व्यवस्था मिलाइने छ।
- गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालयहरुमा रिक्त रहेको कर्मचारी दरवन्दिको पदपुर्ति गरि सेवा प्रवाहालाई प्रभावकारी बनाईनेछ ।
- जनप्रतिनिधि, कर्मचारीहरुको दक्षता, क्षमता र सीप अभिवृद्धि गर्नको लागी विभिन्न किसिमको तालिमहरु संचालन गर्नको साथै अध्ययण अवलोकन भ्रमण कार्यक्रमहरुको आयोजना गरिनेछ ।
- उमाकुण्ड गाउँपालिकामा सवैभन्दा राम्रो काम गर्ने कर्मचारी, सवैभन्दा धेरै कर तिर्ने करदाता, सर्वोत्कृष्ट अंक ल्याउने विषयका विषयगत शिक्षक एवम् सवैभन्दा राम्रो काम गर्ने एक उपभोक्ता समितिलाइ पुरस्कार सहित सम्मान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सवै सरकारी कार्यालयहरुमा नागरिक बडापत्र राख्न आवश्यक व्यवस्था मिलाइने छ ।
- उमाकुण्ड गाउँपालिकाबाट हुने सवैखाले गतिविधि र आर्थिक क्रियाकलापमा मितव्ययी खर्च प्रणालीको विकास गरिनेछ ।
- प्रत्येक चौमासिकमा गाउँपालिकाको आम्दानि खर्च सार्वजानिक गर्ने व्यवस्था मिलाईनेछ ।
- आत्महत्या न्यूनिकरण तथा रोकथाम, पारिवारिक विचलन र विखण्डन न्यूनिकरण मनोसामाजिक समस्याहरु समाधानको लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ । छ ।
- गाउँपालिकाको बैदेशिक रोजगार सम्वन्धि प्रोफाईल निर्माण गरि बैदेशिक रोजगार सम्वन्धि तथ्याँकहरु व्यवस्थित गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

### कानून तथा न्याय

- उमाकुण्ड गाउँपालिकाको गाउँसभा र कार्यपालिका बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेको ऐन, नियम, कानून, कार्यविधि, मापदण्ड, निर्देशिकाको प्रभावकारी कार्यान्वयनको उचित वातावरण तयार गरिनेछ । साथै गाउँपालिकाको लागी आवश्यक कानून कार्यविधि निर्माण गरि लागु गरिनेछ।
- जनतालाई सुशासन तथा न्याय दिने कामलाई प्रभावकारी बनाउने र न्याय प्रणाली सम्वन्धि सुसूचित र चेतना अभिबृद्धिका लागि चेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

- मेलमिलापको माध्यमबाट न्याय निरुपण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका भित्रका मेलमिलाप केन्द्रहरुको व्यवस्थापनमा विशेष ध्यान पु¥याउँदै मेलमिलापकर्ताहरुको क्षमता वृद्धि र प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

## ५.वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

- उमाकुण्ड गाउँपालिकाको पहिचानको रुपमा रहेको हरियाली बनजंगल संरक्षणको लागी आवश्यक कार्यक्रमहरु लागु गरिनेछ । साथै उमाकुण्ड गाउँपालिकाको खाली रहेको नाँगो डाँडाहरुमा फलफुल तथा डालेघाँस रापि उमाकुण्ड हरियाली अभियान संचालन गरिनेछ ।
- उमाकुण्ड गाउँपालिका मा बसोवास गर्ने आमसमुदायलाई आइ पर्ने प्राकृतिक विपत्तिहरुबाट सुरक्षित गर्नको लागी विपद प्रतिकार्य योजना निर्माण गरिनेछ। साथै प्राकृतिक प्रकोप एवम् विपत्तिबाट मानवीय तथा आर्थिक क्षति व्यहोर्ने नागरिकहरुलाई तत्काल पुनर्स्थापना को प्रवन्ध मिलाइने छ। त्यस्ता नागरिकलाई उमाकुण्ड गाउँपालिकाबाट दिँदै आइएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ ।
- प्राकृतिक विपत्ति बाट जनतालाई पर्ने असर कम गर्नका लागि खोज तथा उद्धारको आवश्यक प्रवन्ध मिलाइने छ । खोज तथा उद्धार समवन्धि तालिम संचालन गर्ने जनशक्तिको विकास गर्ने र राहत तथा उद्धार सामग्रीको पुर्व तैयारी गरिने छ ।
- उद्धार राहत र विपद व्यवस्थापनको लागी विपद व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्थापन गरिनेछ ।
- आगलागी, बाढिपहिरो र भुकम्पबाट हुन सक्ने क्षति र खतरालाई न्यूनिकरण गर्नको लागी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम यस गाउँसभाबाट पारित गरिदिनु भई कार्यान्वयनको लागी सकारात्मक सल्लाह सुझाव प्रदान गरिदिनुहुन म सम्पुर्ण सभासदस्यज्यूहरुलाई अनुरोध गर्दै नीति तथा कार्यक्रम निर्माणमा निरन्तर सहयोग गर्नुहुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, विषयगत समितिको सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद । । ।

श्री शेर बहादुर सुनुवार
गा.पा.अध्यक्ष